आज मिति २०७७।०३।२९ गतेका दिन यस धवलागिरी गाउँपालिका अध्यक्ष श्री थमसरा पुन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताहरु माथि छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोपाल शर्मा | प्रमुख प्रशासकीय अधिकृत |

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावहरु

१. फ्लाईट रकम भुक्तानी सम्बन्धमा।
२. प्रकोप व्यवस्थापन कोष स्थापना गर्ने सम्बन्धमा।
३. तथ्याङ्क संकलन गर्ने कर्मचारी परिचालन गर्ने सम्बन्धमा।
४. विपद् व्यवस्थापन कोष बाट राहत सामाग्री खरीद सम्बन्धमा।
५. स्वास्थ्य कर्मी खटाउने सम्बन्धमा ।
६. करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा।
७. वाढी पहिरो जोखिम न्युनिकरणको लागि ग्याविन जाली खरिद सम्बन्धमा।
८. नयाँ कर्मचारीहरु थप गर्ने सम्बन्धमा।
९. धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।
१०. कर्मचारी प्रोत्साहन प्रदान गर्ने सम्बन्धमा।
११. अबरुद्ध बाटो खोल्ने सम्बन्धमा।
१२. खर्च अनुमोदन गर्ने सम्बन्धमा।
१३. जनप्रतिनिधिको प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गर्ने सम्बन्धमा।
१४. श्रद्धांजली/समवेदना सम्बन्धमा।
१५. दररेट सम्बन्धमा।
१६. बाटो हेरालु खटाउने सम्बन्धमा।
१७. अख्तियारी दिने सम्बन्धमा।
१८. कामकाजका लागि खटाउने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ उपर व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिकाका वडा नं. ६ र ७ मा गएको वाढी पहिरोवाट सम्पूर्ण आवतजावत नै वन्द भएको र आपतकालिन अवस्थामा पीडितहरुको उद्धारका लागि चार्टर्ड गरिएको प्रभु हेलिकप्टर प्रा.लि.को रु ४,००,०००।— (अक्षरुपी चार लाख मात्र) खर्च नभई बाँकी रहेको शिर्षक रहेको हाते ट्क्याकटर खरिदबाट खर्च लेख्ने गरी भित्कानी दिने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ उपर व्यापक छलफल गर्दा प्राकृतिक विपद व्यवस्थापन गर्ने प्रकोप व्यवस्थापन कोष स्थापना गर्न धवलागिरी गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुन र अधिकृत छैठौ (लेखा) को नाममा खाता संचालन गर्ने । सो कोषमा दैनिक रकम जम्मा भएको र खर्च भएको रकमको हिसाब संचार माध्यमवाट प्रशासरण गर्ने साथै राहत कोषमा रकम जम्मा गर्ने र राहत संकलन कार्यका लागि तपशिल बमोजिमका व्यक्तिहरु रहेको एक समिति गठन गर्ने निर्णय गरियो।

तपशिल

संयोजकः क) रेशम छन्त्याल- उपाध्यक्ष

सदस्यहरुः ख) सन्तोष गौतम- पत्रकार (रिखार दैनिक)

ग) कृष्ण प्रसाद सुवेदी

घ) यामनाथ सुवेदी

साथै नेपाल लगायत अन्य मुलुकका विभिन्न स्थानमा राहत संकलनमा सहयोग गर्ने गरी तपशिल बमोजिमका व्यक्तिहरुलाई सहजकर्ताको रुपमा छनोट गर्ने निर्णय गरियो ।

| स्थान | व्यक्तिहरु |
|---|---|
| काठमाण्डौ | रेशम भण्डारी-मुना<br>वेद वहादुर थापा-धारापानी |
| पोखरा | लेखनाथ के.सी-ताकम |
| तराई मधेश | धन वहादुर छन्त्याल-गर्जा |

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर व्यापक छलफल गर्दा यस धवलागिरी गाउँपालिका वडा नं. ४ मराङमा प्राकृतिक विपद पहिरोका कारण ज्यान गुमाउने, वेपत्ता भएका व्यक्ति साथै सो प्रकोपमा परी भएको जनधनको क्षतिको पुनर्स्थापुना प्रयोजनका लागि तथ्याङ्क संकलन गर्न वडा प्रतिनिधि, वडाका कर्मचारी, र गाउँपालिकाका कर्मचारीहरु परिचालन गरी ३ दिन भित्र तथ्याङ्क संकलन गरि सक्ने गरि परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा विपत्तिमा परि राहतको पर्खाईमा रहेका धवलागिरी गाउँपालिका विसिन्दाको जिवन रक्षाका लागि तत्काल खरिद प्रक्रिया अगाडि वढाउने साथै संकलित तथ्याङ्कका आधारमा कर्मचारी र जनप्रतिनिधिहरुको रोहवरमा राहत वितरण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरी, विपद व्यवस्थापन कोषमा चालु आ.व मा खर्च भई बाँकी रहेको रकमवाट राहत सामाग्री खरिद गर्ने निर्णय गरियो ।

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका अन्तर्गत रहेका अर्वाङ,धारापानी र राम्चे स्वास्थ्य चौकिमा विपद्का कारण स्वास्थ्यकर्मीको अभाव भएकोले तपशिल वमोजिमका स्वास्थ्य संस्थाहरुमा ~~एक~~ दुई महिनाका लागि तपशिल वमोजिमका व्यक्तिहरुलाई नेपाल सरकारको नियमानुसार सेवा सुविधा पाउने गरी खटाउने निर्णय गरियो ।

तपशिल

१. अर्वाङ - हिमाल नेपाली
२. धारापानी - झरना शेरपुन्जा
३. राम्चे -

साथै First aid box र कर्मचारीहरुलाई व्यवस्थापनका लागि हेलिकप्टर चार्टर गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ उपर व्यापक छलफल गर्दा यस धवलागिरी गाउँपालिका अन्तर्गत कृषि, पशु, स्वास्थ्य, GNI, गाउँपालिका लगायतका करारका कर्मचारीहरुको श्रावण १ गते देखि लागु हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर व्यापक छलफल गर्दा वर्षायाम मा जान सक्ने सम्भावित पहिरो न्यूनिकरणका लागि विविध ठाउँमा ग्याविन जाली आवस्यक पर्ने भएकोले सो खरिदका लागि चालु आ.वमा खर्च हुन नसकेको सिसिटी जडान कार्यक्रमको बजेटबाट ग्याविन तारजाली खरिदको रकम दिइएको भुक्तानी समर्थन गरी, सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस गाउँपालिकाको कार्यालयका लागि एक जना कार्यालय सहयोगी र एक जना सूचना प्राविधिक अधिकृत नियुक्तीको प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर व्यापक छलफल गर्दा यस गाउँपालिकामा आईपरेको प्राकृतिक विपत्तिमा हातेमालो गर्ने अभियानमा सहयोग स्वरुप मंगला गाउँपालिकाले रु २,००,००० /- (अक्षरुपी दुई लाख मात्र), यस धवलागिरी गाउँपालिकाका कर्मचारीहरुले १० दिन बराबरको तलब, जनप्रतिनिधिबाट एक महिनाको सुविधा बराबरको रकम र बाग्लुङ जैमिनी नगरपालिका वडा नं. ६ का केशवराज शर्माले रु १५,००० /- (अक्षरुपी पन्ध्र हजार मात्र) प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० उपर व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका सातवटा वडाका वडा सचिवहरुलाई २०७७।०३।०८ को कार्यपालिकाको वैठकबाट २०% प्रोत्सान भत्ता प्रदान गर्ने निर्णय गरिएकोमा सोमा ८०% थप गरी प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ उपर छलफल गर्दा दरवाङ बाट धवलागिरी गाउँपालिकाको केन्द्र जोड्ने मोटर बाटो वाढी र पहिरोका कारण विभिन्न ठाउँमा पहिरो गई आवतजावत नै अवरुद्ध भएकोले वाटो खुलाउनको लागि आगामी आ.व को विपद व्यवस्थापन कोषवाट खर्च लेख्ने गरी श्रावन १ गते देखि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १२

प्रस्ताव नं. १२ उपर छलफल गर्दा यस धवलागिरी गाउँपालिका अन्तर्गत कोरोना भाइरस महामारी नियन्त्रणका लागि तपशिल बमोजिमका शिर्षकहरुमा गरिएको खर्च रकमहरु सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|
| १ | क्वारेन्टाइन खर्च | रु ४,३८,४८४ -/ |
| २ | खाद्य बैंक स्थापना | रु ९३,००० -/ |
| ३ | राहत वितरण | रु १८,३१,९९९ -/ |
| ४ | औषधि खरिद | रु ६,९३,७१३.७५ -/ |
| ५ | युवा परिचालन | रु ७,९८,००० -/ |
| | जम्मा | रु ३९,२३,६९६.७५ -/ |

निर्णय नं. १३

प्रस्ताव नं. १३ उपर छलफल गर्दा गाउँपालिका ले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा तपशिलमा उल्लेखित जनप्रतिनिधिहरुले देहाय बमोजिमको रकम दाखिला गरी भौचर सहित राहत संकलनका संयोजक श्री रेशम छन्त्याललाई जानकारी गराउने निर्णय सर्वसम्मतले पारित गरियो ।

तपशिल

| जनप्रतिनिधिहरु | रकम |
|---|---|
| अध्यक्ष | ६०,००० /- |
| उपाध्यक्ष | ५०,००० /- |
| वडाध्यक्ष | ३०,००० /- |
| कार्यपालिका सदस्यहरु | २०,००० /- |
| वडा सदस्यहरु | १०,००० /- |

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १४

प्रस्ताव नं १४ उपर व्यापक छलफल गर्दा यही आषाढ २५ र २६ गते गएको वाढी पहिरोमा परि मृत्यु भएका व्यक्तिहरुको आत्माको चिरशान्ति को कामना गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

निर्णय नं १५

प्रस्ताव नं. १५ उपर व्यापक छलफल गर्दा गाउँपालिकाको कार्यालयको प्राविधिक शाखाबाट Rate Analysis सहितको आ.व. २०७७/०७८ का लागि पेश भएको दररेट सर्वसम्मत रुपमा पास गर्ने निर्णय गरियो।

निर्णय नं. १६

प्रस्ताव नं. १६ उपर छलफल गर्दा वर्षायाममा वर्षाततसँगै यस गाउँपालिकाका बिभिन्न स्थानमा बाटो विग्रन सक्ने भएकोले बाटोमा आउने भल व्यवस्थापन तगायत सानो तिनो पहिरो व्यवस्थापन गरी बाटोको सुरक्षाका लागि हेरालु आवसश्यक पर्ने देखिएकोले यसै धवलागिरी गाउँपालिकाका वडा नं ७ धारापानी स्थायी ठेगाना भएका चन्द्र बहादुर कामीका छोरा गोपाल कामी लाई श्रावण १ गते देखि लागु हुने गरी यस गाउँपालिकाको स्वीकृत दररेट बमोजिम अदक्ष कर्मचारी पाउने पारिश्रमिक पाउने गरी असोज १५ गतेसम्मका लगि बाटो हेरालुका रुपमा नियुक्त गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

निर्णय नं १७

प्रस्ताव नं. १७ उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४ (क) को उपदफा १३ बमोजिम कार्यपालिकाको बैठक नवसेको अवस्थामा कार्यालयको दैनिक कार्यसम्पादनका क्रममा आइपर्ने कार्यहरु गर्नका लागि गाउँ कार्यपालिकाको अध्यक्षलाई अख्तियारी दिने निर्णय सर्वसम्मत रुपमा परित गरियो।

निर्णय नं. १८

प्रस्ताव नं. १८ उपर छलफल गर्दा शिक्षा शाखाको कार्यवोझलाई मध्यनजर गर्दै विगतदेखि नै यस धवलागिरी गाउँपालिकाको कार्यालयमा कार्यरत स्रोत व्यक्ति श्री गिरि प्रसाद छन्त्याललाई अर्को निर्णय नभए सम्मका लागि शिक्षा,युवा तथा खेलकुद शाखामा कामकाज गर्ने गरी खटाउने र निज स्रोत व्यक्तिको तलब भत्ता निजको दरबन्दी रहेकै विद्यालयबाट निकाशा गर्ने निर्णय परित गरियो ।

प्रमुख प्रशासकीय अधिकृत